"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका"

प.सं.:०७९/०८०
च.नं.: २६६६

मिति : २०७९/११/१२

विषय : हरियाली प्रवर्धन तथा नगर सरसफाई अभियान सम्बन्धमा ।

श्री वडा समिति,
वडा नं-०६, ति.न.पा., रुपन्देही ।

प्रस्तुत विषयमा कार्यपालिकाको निर्णयानुसार प्रत्येक महिनाको १ र १५ गते संचालन गरिदै आएको हरियाली प्रवर्धन र नगर सरसफाई अभियानको आगामी श्रृखलाहरु चक्रिय प्रणाली अनुसार आयोजना गर्ने निर्णय भए अनुसार आगामी ९९ औं संस्करण मिति २०७९/११/१५ गते तहाँ कार्यालयले देहायका बुँदाहरुलाई समेत आधार मानी आयोजना गर्नुहुन अनुरोध गर्दछु ।

१. अभियानमा नगर प्रमुख/उपप्रमुख/छिमेकी वडाका वडा अध्यक्ष एवं प्रतिनिधिहरु, कर्मचारीहरु, स्थानीय संघ संस्था, सहकारी, शैक्षिक संस्था, स्वयमसेवक, आमा समूह, क्लव, संचारकर्मी लगायतका सबै प्रकृतीका संस्थालाई सहभागी बनाई भौतिक दूरी कायम गरी आ-आफ्नो टोलभित्रका घर, आँगन, चोक, सडक आदि स्थानहरुमा सरसफाई गर्ने/गराउने ।
२. पूर्व तयारी बैठक आयोजना गरी सूचना आदान प्रदान, कार्यक्रम संचालन हुने स्थान र समय तय गर्ने ।
३. सरसफाईका स्थानीय र घरेलु सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्ने ।
४. फोहरमैला उठाउनु पर्ने आवश्यकता महशुस भएमा फोहर ढुवानी गर्ने सवारी चालकलाई समयमा नै सम्पर्क गर्ने ।
५. सरसफाई सम्बन्धी जनचेतना/जागरण सृजना गर्ने, उत्प्रेरणा जगाउने खालका गीत/संगीतको व्यवस्था गर्न सकिने ।
६. हरियाली प्रवर्धन र नगर सरसफाई अभियान स्वयं सेवी भावनाले प्रेरित भएर संचालन गरिने कार्यक्रम हो भन्ने भावना स्थानीय सहभागीहरुलाई बोध गराउने ।
७. वडा कार्यालयले तोकेको स्थानमा नगरवासीहरुलाई आ-आफ्नो घर, आगन, टोल तथा पायक पर्ने स्थानमा भेला भएर सरसफाई कार्यक्रम संचालन गर्न आव्हान गर्ने ।
८. वडाका सबै घरधुरीहरुलाई आ-आफ्नै घर वरिवरी र घर वरपर अनिवार्य रुपमा सरसफाई कार्यक्रममा सहभागी हुन उत्प्रेरित गर्ने ।
९. स्थानीय खानेपानी संस्थाका पदाधिकारी एवं संयन्त्रहरुलाई परिचालित हुने प्रवन्ध मिलाउने ।
१०. वडा भित्रका सबै विद्यालयहरुलाई विद्यालय परिपर सरसफाई अभियान संचालन गर्न लगाउने ।
११. अभियान संचालन हुने समय र स्थानको जानकारी यथासक्य नगरपालिकाको कार्यालयमा जानकारी गराउने ।

*नोट : उक्त कार्यक्रमको व्यानर जिन्सी शाखासँग समन्वय गरी प्राप्त गर्नु हुन ।*

**बोधार्थ :**

- श्री नगर प्रमुखको सचिवालय/उप प्रमुखको सचिवालय-प्रमुख/उपप्रमुखको उपस्थितिको प्रवन्ध मिलाउने ।
- श्री वातावरण शाखा - आवश्यक सहयोग पुर्याउने ।
- सूचना प्रविधि शाखा - वेब पेजमा अद्यावधिक गर्ने ।

२०७९।११।१२
माधव प्रसाद पोखेल
शाखा अधिकृत

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np
Manigram, Rupandehi

Scanned with CamScanner